**४. २०७१ पूरक प्र.नं. ५**

क) तलको अनुच्छेदबाट तीन वटा उपसर्ग व्युत्पन्न र तिनवटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् : (३)

गणतन्त्र आएपछि पनि नेपाली जनता चोरी, अशान्ति, हिंसा, अपराध आदिका चपेटामा परि रहेकै छन् । अकारण नै निर्दोष एवं चरित्रवान् नेपालीहरू पनि यस्ता गतिविधिबाट पीडित बनेका भेटिन्छन् ।

**उत्तर:** उपसर्ग व्युत्पन्न शब्द - (क) अशान्ति - अ + शान्ति, (ख) अपराध - अप + राध, (ग) अकारण - अ + कारण; प्रत्यय व्युत्पन्न शब्द - (क) जनता - जन + ता, (ख) चरित्रवान् - चरित्र + वान्, (ग) पीडित - पीडा + इत

---

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अशं छुट्ट्याउनु होस् : (३)

दोबाटोको चौतारामा कहिले ठगठाग गर्ने भाइमारा भेटिन्छन्, कहिले सिधासादा ठुल्दाइहरू भेटिन्छन् त कहिले घरघरमा ट्युसन पढाउने पीताम्बर गुरु । त्यो चौतारो समाजका भद्र भलादमीले गफसफ गर्ने, आआफ्ना विचार आदान प्रदान गर्ने र घतलाग्दा कुरा गरी मन वुझाउने साझा थलो पनि हुने गरेको छ ।

**उत्तर:** समस्त शब्द- (क) दोबाटो - दुई बाटोको समूह, (ख) ठुल्दाइ - ठूलो + दाइ, भलादमी - भलो आदमी; द्वित्व शब्द- (क) ठगठाग - ठग, (ख) घरघर - घर, (ग) गफसफ - गफ .

---

ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

छोराछोरीले वास्ता नगरेपछि बुढ्यौलीमा घर त्यागेर वृद्धाश्रममा बस्न बाध्य भएका वयोवृद्धहरूको अवस्था अत्यन्त दयनीय हुन्छ । त्यस्ता अशक्तहरूलाई सद्भावपूर्वक सहयोग गर्नु हामी सबैको कर्तव्य हो । साँच्चिकै धर्म कमाउने हो भने हामीले त्यस्ता वृद्धवृद्धाहरूको सेवामा जुट्नु अत्यावश्यक छ ।

**उत्तर:** बुढ्यौली: बढो + औली/यौली । वयोवृद्ध: वयो + वृद्ध । अत्यन्त: अति + अन्त । अशक्त: अ + शक्त । कर्तव्य: कृ + तव्य । अत्यावश्यक: अति + आवश्यक

---

**५. २०७१ सेट सी प्र.नं. ५**

क) तलको अनुच्छेदबाट तिनवटा उपसर्ग व्युत्पन्न र तिनवटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नु होस् । (३)

जनताको मत पाएर संसदमा उपस्थित राजनीतिक दलहरूले लडन्त र भिडन्त नगरी यतिखेर आफ्नो कर्तव्यलाई नभुली बदनाम हुनबाट जोगिँदै संविधान निर्माणमा केन्द्रित हुनु आवश्यक छ ।

**उत्तर:** (अ) उपसर्ग व्यत्पन्न शब्दहरू = उपस्थित: उप + स्थित । बदनाम: बद् + नाम । निर्माण: निर + माण
(आ) प्रत्यय व्युत्पन्न शब्दहरू = कर्तव्य: कृ + तव्य । केन्द्रित: केन्द्र + इत । भिडन्त: भिड् + अन्त

---

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनु होस् : (३)

स्वार्थलिप्त मानसिकता भएका र हरवखत सुखप्राप्तिका मात्र कुरा गर्ने अनि छिनछिनमा कुरा बदल्ने तथाकथित बुद्धिजीवी भनाउँदा यी दुईजिब्रे ठुल्दाईले अत्तोपत्तो बेगरकै गफगाफमा छरछिमेकीलाई भुल्याएका छन् ।

**उत्तर:** (अ) १. स्वार्थलिप्त → स्वार्थमा लिप्त, २. दुईजिब्रे → दुई जिब्रा भएको, ३. ठूल्दाइ → ठूलो दाइ (आ) १. गफगाफ → गफ + गफ → गफ, २. छरछिमेक → छिमेक + छिमेक → छिमेक, ३. अत्तोपत्तो → पत्तो + पत्तो → पत्तो

---

ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् : (३)

जगन्नाथले सद्भावपूर्वक आफ्ना बुबाआमालाई ढलान गरी बनाएको घरमा भित्र्याउने काम गऱ्यो । उसले गरेको व्यवहार र स्वागत सत्कारबाट अत्यन्त खुसी भएका बुवाआमाले पनि उल्लाई धेरै धेरै आशीर्वाद दिए ।

**उत्तर:** जगन्नाथ: जगत् + नाथ । ढलान: ढाल + आन । स्वागत: सु + आगत । अत्यन्त: अति + अन्त । उल्लाई: उस् + लाई । भित्र्याउने: भित्र्याउ + ने

Question Bank Nepal

**६. २०७१ सेट डी प्र.नं. ५**

क) तल दिइएको उपसर्ग र प्रत्ययद्वारा एक एक शब्द निर्माण गर्नु होस् : (३)
उपसर्ग: अन, वि, परि
प्रत्यय: अन्त, इलो, य

उत्तर: (अ) उपसर्ग: अन → अन + पढ, वि → वि + मान, परि → परि + श्रम,
(आ) प्रत्यय: अन्त → भिड् + अन्त, इलो → रस + इलो → रसिलो, य → क् + य → कार्य

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस् : (३)
हजुरका चरण कमलमा साष्टाङ्ग दण्डवत् गरी शुभालिष लिने मेरो क्षण क्षणको धोको मुटुको धुकधुक जस्तै धड्कि रहेको छ। रुखका पातबाट शीतका थोपा तपतप झरेको देख्दा हजुरको दर्शन झल्याकझुलुक गर्न पाए पनि यो जीवन सार्थक होला जस्तो लाग्छ नत्र यस भव सागरबाट पार पाइन्छ जस्तो छैन।

उत्तर: (अ) १. भव सागर → भवरूपी सागर, २. चरण कमल → चरणरूपी कमल, ३. जीवन सार्थक → जीवनको सार्थक, (आ) द्वित्व शब्द - द्वित्व प्रक्रिया → दोहोरिएको अंश, १. धुकधुक → धुक + धुक → धुक, २. तपतप → तप + तप → तप, ३. झल्याकझुलुक → झल्याक + झल्याक → झल्याक

ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् : (३)
घरानिया एवं शिक्षित केटासँग छोरीको वैवाहिक सम्बन्ध हुने भएपछि अत्यावश्यक सामानहरू किन्नका लागि उमेशकी कान्छ्यामा आफ्नो छोरा जगन्नाथसँग एउटा व्यापारिक केन्द्रमा पुगिन् र उल्लाई सामान छान्न लगाइन्। यस अवसरमा उनीहरूले केही ढलोटका वस्तु पनि किनेर ल्याए।

उत्तर: अत्यावश्यक: अति + आवश्यक। कान्छ्यामा: कान्छी + आमा। जगन्नाथ: जगत् + नाथ। व्यापारिक: व्यापार+ इक। ढलोट: ढाल् + ओट। किनेर: किन् + एर।

**७. २०७० पूरक प्र.नं. ५**

क) तलको उपसर्ग र प्रत्ययबाट एक एकवटा शब्द निर्माण गर्नु होस्: (३)
उपसर्ग: परा, दुर्, बद्
प्रत्यय: उवा, तव्य, आहा

उत्तर: (अ) उपसर्ग: परा + जय → पराजय। दुर् + गन्ध → दुर्गन्ध। बद + नाम → बदनाम
(आ) प्रत्यय: ढाँट् + उवा → ढँटुवा। गम् + तव्य → गन्तव्य। सुत् + आहा → सुताहा

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनु होस् : (३)
हरेक दिन विहान घर घरमा गृहिणीहरू आआफ्ना भान्सा कोठामा दालभात पकाएर छोराछोरीलाई खुवाई तिनलाई स्कुल पठाउने कामसाममै व्यस्त रहने गर्दछन्। तरकारी काटकुट गर्नु, पानी तताउनु, अनि गिलास कचौरा माझ्नु तिनको मुख्य काम नै हो।

उत्तर: (अ) समस्त शब्द → विग्रह, १. हरेक दिन → हरेक दिन, २. भान्सा कोठा → भान्साका लागि कोठा, ३. दालभात → दाल र भात, (आ) द्वित्व शब्द - द्वित्व प्रक्रिया → दोहोरिएको अंश, १. आआफ्ना → आफ्ना + आफ्ना → आफ्ना, २. कामसाम → काम + काम → काम, ३. काटकुट → काट + काट → काट

ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् : (३)
नेपाली जनताले स्वतन्त्रता, समानता, जातीय, विभेदको अन्त्य र लोकतन्त्रका लागि कठोर सङ्घर्ष गरेर राजतन्त्र समाप्त पारे। विभिन्न व्यावसायिक, प्राविधिक एवं राष्ट्रिय सङ्घ, सङ्गठनसँग सम्बद्ध पेसाकर्मीहरूले पनि आआफ्नो क्षेत्रबाट त्यस अभियानमा सहयोग पुऱ्याएका थिए। यसका लागि वैदेशिक सरसहयोग पनि मिलेको थियो। यसमा जजसको सहयोग प्राप्त भएको थियो ती सबैप्रति नेपाली जनताले आभार प्रकट गर्नै पर्दछ।

Question Bank Nepal

उत्तरः नेपालीः नेपाल + ई । समानताः समान + ता । प्राविधिकः प्रविधि + इक । राष्ट्रियः राष्ट्र + इय । वैदेशिकः विदेश + इक । स्वतन्त्रताः स्वतन्त्र + ता

**८. २०७० सेट सी प्र.नं. ५**

क) तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनु होस् : (३)
उपसर्ग : प्र, अनु, बे
प्रत्यय : ईन, तव्य, एली

उत्तरः (अ) उपसर्ग शब्दः प्र + कृति → प्रकृति, अनु + शासन → अनुशासन, बे + सहारा → बेसहारा, (आ) प्रत्यय शब्दः ईन → कुल + ईन = कुलीन, तव्य → भू + तव्य = भवितव्य, एली → गुल्मी + एली = गुल्मेली

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस् : (३)
आजभोलि अत्तोपत्तोविना नै सत्ता प्राप्ति र सत्ता वहिर्गमनका आआफ्ना कुराले छरछिमेकमा झैंझगडा हुने गरेको छ । हाम्रा कामकाज केही नभएका भान्दाइ चाहिँ यस कुराबाट बेखबर भई चौबाटोमा उभिएर निर्लज्ज दुईजिब्रे कुरा गर्दै सबैलाई हँसाउन व्यस्त छन् ।

उत्तरः (अ) समस्त शब्द → विग्रहः आजभोलि → आज र भोलि, भान्दाइ → भानिज दाइ, चौबाटो → चार बाटोको समूह (आ) द्वित्व शब्द - द्वित्व प्रक्रिया = दोहोरिएको अंशः अत्तोपत्तो → पत्तो + पत्तो = पत्तो, छरछिमेकी → छिमेक + छिमेक = छिमेक, झैंझगडा → झगडा + झगडा = झगडा

ग) तलको अनुच्छेदबाट ६ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् : (३)
नेपाल घुम्न आएका पर्यटकहरू नेपालीहरूको स्वागत, सत्कार र आतिथ्यलाई पाएर अत्यन्त प्रसन्न हुँदै हँसिलो अनुहार लगाई आफ्नो मुलुक फर्कन्छन् भनेर मैले उल्लाई भनें ।

उत्तरः

| सन्धियुक्त शब्द | स्वागत | अत्यन्त | हाँसिलो | अनुहार | आतिथ्य | पर्यटक |
|---|---|---|---|---|---|---|
| सन्धि विच्छेद | सु+आगत | अति + अन्त | हाँस् + इलो | अनु + हार | अतिथि + य | परि+ अटक |

**९. २०७० सेट डी प्र.नं. ५**

क) तलको अनुच्छेदबाट तिन वटा उपसर्ग व्युत्पन्न शब्द र तिन वटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नु होस् । (३)
यस संसारमा थरी थरीका मानिस छन् । कतै असल, स्वावलम्बी, शिक्षित र बुद्धिमान् मानिस भेटिन्छन् भने कतै बेइमान, फटाहा, नालायक र बिकामे मानिस पनि भेटिन्छन् ।

उत्तरः (अ) उपसर्ग व्युत्पन्न शब्दः बेइमान → बे + इमान, नालायक → ना + लायक, संसार → सम् + सार, (आ) प्रत्यय व्युत्पन्न शब्दः शिक्षित → शिक्षा + इत, बुद्धिमान् → बुद्धि + मान्, बिकामे → बिकाम + ए

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस् : (३)
घरायसी विवादलाई लिएर झैंझगडा त घरघरमै हुने गरेको पाइन्छ । चौबाटोमै आआफ्ना घरका समस्यालाई लिएर कुल घरानको मान मर्यादा बिर्सी इज्जत सिज्जत फ्याँक्ने दाजुभाइहरू गोबरगणेश नै हुन् ।

उत्तरः (अ) समस्त शब्द → विग्रह, चौबाटो → चार बाटोको समूह, दाजुभाइ → दाजु र भाइ, गोबरगणेश → गोबरको गणेश जस्तो छ जो, (आ) द्वित्व शब्द - द्वित्व प्रक्रिया = दोहोरिएको अंशः झैं झगडा → झगडा + झगडा = झगडा, आआफ्ना → आफ्ना + आफ्ना = आफ्ना, इज्जत सिज्जत → इज्जत + इज्जत = इज्जत

ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् : (३)
लोकतान्त्रिक व्यवस्था आइसकेपछि पनि नेपाली जनताले आफ्नो मनोरथ पुरा गर्न पाएका छैनन् । अशिक्षा, चोरी, भ्रष्टाचार, आदिका मारमा नराम्रोसँग पिल्सि रहेका छन् । कमाइ गर्ने वातावरण छैनन् । असुरक्षा पनि दिनदिनै बढ्दो छ तर पनि जनता चुपचाप बसेका छन् । लोकतन्त्रले जनताको अनुहार हँसिलो पार्ला भन्ने कुरा पनि गफै रहेछ भन्ने पनि छन् । खै, यस्तै परिस्थिति रहि रहने हो भने नेपालीहरूले धैर्य गर्न सक्ने

Question Bank Nepal

अवस्था पनि के रहला र ?

उत्तर: मनोरथ→ मन: + रथ, अशिक्षा→ अ + शिक्षा, भ्रष्टाचार→ भ्रष्ट + आचार, कमाइ→ काम + आइ, धैर्य→ धीर + य, हँसिलो→ हाँस् + इलो

**१०. २०६९ प्र.नं. ५**

क) तलको अनुच्छेदमा रहेका रेखाङ्कित शब्दहरूको निर्माण प्रक्रिया देखाउनु होस्: (३)

खगोल विज्ञान विश्व वैज्ञानिक इतिहासमा प्राचिन विज्ञानका रूपमा स्थापित छ । अहिले खगोल विज्ञानका क्षेत्रमा धेरै महत्वपूर्ण उपलब्धिहरू प्राप्त भइ सकेका छन् । यसतर्फको वैज्ञानिक अध्ययन अहिले ज्ञात ब्रह्माण्डीय पिण्डभन्दा अज्ञात ग्रह तथा पिण्डको रहस्य खोतल्न लक्षित भएकोछ । स्पष्टत: अहिलेका खगोलविद्हरू ब्रह्माण्ड निर्माणको भौतिक तथा रासायनिक प्रक्रियाको अध्ययनमा जुटेका छन् । खगोल विज्ञानको यतिहास केलाउने हो भने हामीले प्राचीन सभ्यतासम्म पुग्नै पर्दछ ।

उत्तर: विज्ञान: वि+ज्ञान, महत्त्व: महत्+त्व, उपलब्धि: उप+लब्धि, ब्रहमाण्डीय: ब्रहमाण्ड+ईय, निर्माण: निर्+मान, रासायनिक: रसायन + इक

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छट्याउनु होस्: (३)

भाइमाराहरू आ-आफ्नो सुखप्राप्तिका लागि आराम कुर्सीमा बसी देशहितका कुरा गर्न पनि पछि पर्दैनन् । घरघरमा रहेका बुद्धिसुद्धि नभएका मानिसलाई समाज बहिस्कृत गर्न नसक्दा नेपाली जनताको घरजम उजाडियो । यो चाला गाईजात्रा जस्तै हो भने कर्तव्यनिष्ठ मानिसका अभावमा मानिसको चरित्र निर्माणमा कठिनाइ उत्पन्न भएको छ । देशभक्त नेपाली दाजुभाइले आपसमा मिलेर समाजका निर्लज्ज र दुइजिब्रे चरित्रका मानिसलाई कानुन बमोजिम नङ्ग्याएर चौबाटोमा उभ्याउन सक्ने हो भने आम जनताले सन्तोषको सास फेर्थे ।

उत्तर: समस्त शब्द: भाइमारा– भाइलाइ मार्ने, सुखप्राप्ति– सुखको प्राप्ति, देशहित– देशको हित ।
द्वित्व शब्द: घरघर– घर, गाईजात्रा साइजात्रा– गाईजात्रा, बुद्धिसुद्धि– बुद्धि ।

ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् : (३)

विद्यालय विद्यार्थीहरूको ज्ञान आर्जन गर्ने मुख्य थलो हो । उनीहरूले विद्यालय नियमित गई महर्षि समानका गुरुहरूबाट जीवनोपयोगी एवं व्यवहारिक ज्ञान आर्जन गरी आफ्नो भविश्य उज्ज्वल बनाउने तर्फ यथेष्ट ध्यान दिनु पर्ने हुन्छ । यद्यपि हिजोआजका आधुनिक भनाउँदा विद्यार्थीहरूको चन्चले मन पढाइतर्फ नगई सदैव मोवाइल, इन्टरनेट आदितर्फ आकर्षित हुनुलाई कदापि राम्रो मान्न सकिन्न । यसबाट न आफ्ना सन्तानको सुखद भविष्य देख्ने अभिभावकको उद्देश्य पूरा हुन्छ न देशले भविष्यमा उन्नतिको मार्गमा सही ढङ्गले पाइला चाल्न सक्छ ।

उत्तर: विद्यालय– विद्या+ आलय, विद्यार्थी– विद्या+अर्थी, महर्षि– महा+ऋषि, जीवनोपयोगी– जीवन + उपयोगी, व्यावहारिक – व्यवहार+ इक, चन्चले – चन्चल + ए

**११. २०६८ प्र.नं. ५**

क. तलको अनुच्छेदबाट ६ ओटा उपसर्ग व्युत्पन्न शब्द र ६ ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस्: (३)

जैविक विविधताले मानवीय शान्तिमा मात्र होइन, उसका सामाजिक गतिविधिमा पनि प्रशस्त प्रभाव पारेको छ । अपराध र घृणित दुष्कर्मप्रति प्रतिवद्ध कतिपय बेइमान सञ्चालकहरूले स्वदेशी सिपालु हातलाई भन्दा विदेशमा निर्मित वस्तुलाई बढी प्रयोग गर्न थालेका छन् ।

उत्तर: उपसर्ग व्युत्पंन्न शब्द: प्रभाव, अपराध, दुष्कर्म, प्रतिवद्ध, बेइमान, सञ्चालक ।
प्रत्यय ब्युत्पन्न शब्द: जैविक, विविधता, मानवीय, सामाजिक, घृणित, सिपालु ।

Question Bank Nepal

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस्: (३)
चारकोसे झाडीमा लाम्पुच्छ्रे मात्र होइन चौपाया पनि प्रशस्त छन् । हिजोआज, हृष्टपुष्ट, कामचोर पनि भेटिन्छन् । तसर्थ छिटोछिटो भातसात कपाकप खाएर अरुसँग झैझगडा नगरी मरमसला बोकेर आफ्नै काममा लाग्नुपर्दछ ।

**उत्तर: समस्त शब्द: चारकोसे- चार कोसको परिमाण भएको, लाम्पुछ्रे- लामा पुच्छर छन् जसका, हिजोआज- हिजो + आज । द्वित्व शब्द: छिटोछिटो- छिटो, भातसात- भात, झैझगडा- झगडा**

---

ग. तलको अनुच्छेदबाट ६ वटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् । (३)
अपाङ्ग व्यक्तिले हिमालय चढेर, विद्यालयमा पढेर राम्रा सूक्ति अनूदित गर्नेछन् । सदैव हामीले मतैक्य भएर ती देवर्षितुल्य प्रत्येक प्रतिभालाई स्वागत गरी परोपकारको पाठ पढाउनुपर्छ ।

**उत्तर: अपाङ्ग- अप+अङ्ग, हिमालय- हिम+आलय, विद्यालय- विद्या+आलय, मतैक्य- मत+एक+य, प्रतिभा- प्रति+भा, स्वागत- सु+आगत**

## एकाइ ६: शब्द रूपायन (५)

### १. २०७२ सेट सी प्र.नं. ६

क) तलको अनुच्छेदलाई आवश्यक वाक्य ढाँचा मिलाई लिङ्ग परिवर्तन गर्नुहोस् : (५)
कान्छाबुवा स्वस्थ हुनुहुन्छ । उहाँकी दिदी चाँहि केही दुब्ली देखिनु हुन्छ । कान्छी आमाको विचारमा मोटो र अग्लो हुनुभन्दा व्यक्ति स्वस्थ हुनुपर्छ । आफ्नी छोरीलाई उहाँ यही सल्लाह दिनु हुन्छ । यस कुरामा कान्छो छोरोको पनि सहमति छ ।

**उत्तर: कान्छीआमा स्वस्थ हुनुहुन्छ । उहाँको भिनाजु चाँहि केही दुब्लो देखिनुहुन्छ । कान्छा बाको विचारमा मोटो र अग्लो हुनुभन्दा व्यक्ति स्वस्थ हुनुपर्छ । आफ्नो जुवाईलाई उहाँ यही सल्लाह दिनुहुन्छ । यो कुरामा कान्छी बुहारीको पनि सहमति छ ।**

---

ख) वाक्य ढाँचा सहित एक वचनलाई वहुवचनमा परिवर्तन गर्नुहोस् : (५)
ऊ कक्षा ११ मा पढ्छ । म उसको साथी हुँ । ऊ गाउँमा जन्मेको हो । म सहरमा जन्मेको हुँ । उसलाई र मलाई गाउँ सहर दुवै मन पर्छन् ।

**उत्तर: उनीहरू कक्षा ११ मा पढ्छन् । हामी उनीहरूका साथी हौं । ऊनीहरू गाउँमा जन्मेका हुन् । हामी सहरमा जन्मेका हौं । उनीहरूलाई र हामीलाई गाउँ सहर दुवै मन पर्छन् ।**

---

### २. २०७२ सेट डी प्र.नं. ६

क) तलको अनुच्छेदका वाक्यहरूलाई द्वितीय पुरुष र सामान्य आदरमा परिवर्तन गर्नुहोस् :(५)
उहाँले चुनाव जित्नु भयो । उहाँ संविधान सभाको सदस्य हुनु भयो । उहाँको ध्यान संविधान लेखनमा केन्द्रित हुने छ । उहाँले देशको आर्थिक समृद्धि चाहनु भएको छ । उहाँले आफूलाई सक्षम नेताका रूपमा स्थापित गर्नु हुने छ ।

**उत्तर: तिमीले चुनाव जित्यौ । तिमी संविधान सभाको सदस्य भयौ । तिम्रो ध्यान संविधान लेखनमा केन्द्रित हुनेछ । तिमीले देशको आर्थिक समृद्धि चाहेका छौ । तिमीले आफूलाई सक्षम नेताको रूपमा स्थापित गर्नेछौ ।**

---

ख) तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधार सहित आज्ञार्थमा परिवर्तन गर्नुहोस् :(५)
तिमी मिहिनेत गर्छौ । तिमी देशका युवाहरूलाई रोजगारी दिने योजना बनाउँछौ । तिमी थुप्रै उद्योगहरू खोल्छौ । तिमी स्वदेशकै कच्चा सामाग्रीलाई उपयोगमा ल्याउँछौ । तिमी युवाहरूको विदेश पलायन हुने क्रम रोक्छौ ।

**उत्तर: तिमी मिहिनेत गर । तिमी देशका युवाहरूलाई रोजगारी दिने योजना बनाऊ । तिमी थुप्रै उद्योगहरू खोल । तिमी स्वदेशकै कच्चा सामग्रीलाई उपयोगमा ल्याऊ । तिमी युवाहरूको विदेश पलायन हुने क्रम रोक ।**

Question Bank Nepal

**३. २०७२ सेट इ प्र.नं. ६**

क) तलको अनुच्छेदमा रहेका वाक्यहरूलाई बहुवचनमा फेरी अन्य आवश्यक परिवर्तन पनि गर्नु होस् : (५)

मेरो साथी फुटवल खेल्छ । उ फुटवल खेल्न देश विदेश डुल्छ । अहिले ऊ विदेश गएको छ । उसले त्यहाँ आफ्नो प्रतिभा देखिनउने छ । ऊ स्वदेश फर्किनेछ ।

उत्तरः मेरो साथीहरू फुटबल खेल्छन् । उनीहरू फुटवल खेल्न विदेश डुल्छन् । अहिले उनीहरू विदेश गएका छन् । उनीहरूले त्यहाँ आफ्नो प्रतिभा देखाउनेछन् । उनीहरू स्वदेश फर्किनेछन् ।

---

ख) तलको अनुच्छेदको प्रथम पुरुष कर्तालाई द्वितीय पुरुष कर्तामा बदली अन्य आवश्यक परिवर्तन पनि गर्नुहोस् : (५)

म विद्यार्थी हुँ । पढ्नु मेरो धर्म हो । म पढाइमा राम्रो गर्न चाहन्छु । म नेपाल बनाउन चाहान्छु । मैले नेपाल बनाउने अवसर खोजेको छु ।

उत्तरः तँ विद्यार्थी होस् । पढ्नु तरो धर्म हो । तँ पढाइमा राम्रो गर्न चाहन्छस् । तँ नेपाल बनाउन चाहन्छस् । तैँले नेपाल बनाउने अवसर खोजेको छस् ।

---

**४. २०७१ पूरक प्र.नं. ६**

क) तलको अनुच्छेदका वाक्यहरूलाई प्रथम पुरुषमा लैजानुहोस् : (५)

ऊ नेपाली नागरिक हो । ऊ अझैसम्म इलामतिर घुम्न गएको छैन । ऊ चाँडै नै त्यहाँ पुग्ने विचार गरिरहेको छ । उसले अहिलेसम्म त्यहाँ जाने सुअवसर पाएको छैन । ऊ इलामका रमणीय ठाउँहरूमा पुगेर निकै रमाउन चाहान्छ ।

उत्तरः म नेपाली नागरिक हुँ । म अझैसम्म इलामतिर घुम्न गएको छैन । म चाँडै नै त्यहाँ पुग्ने विचार गरिरहेको छु । मैले अहिलेसम्म त्यहाँ जाने अवसर पाएको छैन । म इलामका रमणीय ठाउँहरूमा पुगेर निकै रमाउन चाहान्छु ।

---

ख) तलका वाक्यहरूलाई आवश्यक सुधार सहित आज्ञार्थक भावमा परिवर्तन गर्नुहोस् : (५)

तिमी ज्ञानी भएर पढ्छौ । तिमी दिनरात केही नभनी मिहिनेत गर्छौ । तिमी राम्ररी परीक्षा दिन्छौ । तिमी सबैलाई उछिनेर प्रथम हुन्छौ । तिमी भविष्यमा निकै योग्य नागरिक बन्छौ ।

उत्तरः तिमी ज्ञानी भएर पढ । तिमी दिनरात केही नभनी मिहिनेत गर । तिमी राम्ररी परीक्षा देऊ । तिमी सबैलाई उछिनेर प्रथम होऊ । तिमी भविष्यमा निकै योग्य नागरिक बन ।

---

**५. २०७१ सेट सी प्र.नं. ६**

क) तलको अनुच्छेदका वाक्यहरूलाई बहु वचनमा परिवर्तन गर्नु होस् : (५)

ऊ हिराको छोरा हो । उसले प्रवेशिका प्रथम श्रेणीमा उत्तीर्ण गरेको छ । ऊ अहिले कक्षा एघारमा पढ्छ । यहाँ पनि ऊ कक्षामा ध्यान दिएर सिक्छ । ऊ सबैको प्यारो भएको छ ।

उत्तरः उनीहरू हिराका छोरा हुन् । उनीहरूले प्रवेशिका प्रथम श्रेणीमा उत्तीर्ण गरेका छन् । उनीहरू अहिले कक्षा एघारमा पढ्छन् । यहाँ पनि उनीहरू कक्षामा ध्यान दिएर सिक्छन् । उनीहरू सबैका प्यारा भएका छन् ।

---

ख) तलका वाक्यमा प्रयुक्त सामान्य वर्तमानका क्रियालाई अभ्यस्त भूतकालमा परिवर्तन गर्नु होस् : (५)

म घरबाट सधैं स्कुल जान्छु । स्कुलमा म मिहिनेत गरेर पढ्छु । बुबाआमाले मलाई सारै माया गर्नु हुन्छ । स्कुलमा गुरुहरूले पनि हौसला दिनु हुन्छ । म असल विद्यार्थीको रुपमा चिनिन्छु ।

उत्तरः म घरबाट सधैँ स्कुल जान्थेँ । स्कुलमा म मिहिनेत गरेर पढ्थेँ । बुवाआमाले मलाई साह्रै माया गर्नु हुन्थ्यो । स्कुलमा गुरुहरूले पनि हौसला दिनु हुन्थ्यो । म असल विद्यार्थीको रूपमा चिनिन्थेँ ।

---

**६. २०७१ सेट डी प्र.नं. ६**

क) तलका अनुच्छेदका वाक्यलाई एक वचनमा परिवर्तन गर्नु होस् : (५)

पर्यटकहरू घुम्नका लागि पोखरा गए । उनीहरू त्यहाँ पाँच दिनसम्म बसे । त्यहाँ उनीहरूले सुन्दर प्राकृतिक दृश्यको अवलोकन गरे । उनीहरू त्यहाँबाट घान्द्रुकसम्म पुगे । उनीहरूले आफ्नो देशमा लैजान केही सामान पनि किने ।

उत्तरः पर्यटक घुम्नको लागि पोखरा गयो । ऊ त्यहाँ पाँच दिनसम्म बस्यो । त्यहाँ उसले सुन्दर प्राकृतिक दृश्यको अवलोकन गऱ्यो । ऊ त्यहाँबाट घान्द्रुकसम्म पुग्यो । उसले आफ्नो देशमा लैजान केही सामान पनि किन्यो ।

Question Bank Nepal

ख) तलका वाक्यहरूलाई आवश्यक सुधार सहित सामान्य भूत कालमा परिवर्तन गर्नु होस् :(५)
अमित राजनीति गर्छ । ऊ देश र जनताका लागि काम गर्ने अठोट गर्छ । ऊ चाँडै नै जनताको मन जित्न सफल हुन्छ । ऊ चुनाव पनि जित्छ । नभन्दै ऊ देशका लागि काम गर्ने सुनौलो अवसर पनि पाउँछ ।

उत्तर: अमितले राजनीति गऱ्यो । देश र जनताका लागि काम गर्ने अठोट गऱ्यो । उसले चाँडै नै जनताको मन जित्न सफल भयो । उसले चुनावमा पनि जित्यो । नभन्दै उसले देशका लागि काम गर्ने सुनौलो अवसर पनि पायो ।

**७. २०७० पूरक प्र.नं. ६**

क) वाक्य ढाँचा सहित उच्च आदरमा परिवर्तन गर्नु होस् : (५)
ऊ निकै मिठा मिठा गीतहरू रच्छ । ऊ आफूले रचेका गीतहरू आफै गाउँछ । उसमा गीत गाउन सक्ने अद्भुत क्षमता छ । ऊ आफ्नो गीतबाट सबैलाई मन्त्रमुग्ध बनाइ दिन्छ । ऊ देशकै चर्चित गीतकार हुनाका साथै गायक पनि हो ।

उत्तर: उहाँ निकै मिठा मिठा गीतहरू रच्नु हुन्छ । उहाँ आफूले रचेका गीतहरू आफैँ गाउनु हुन्छ । उहाँमा गीत गाउन सक्ने अद्भुत क्षमता छ । उहाँ आफ्नो गीतबाट सबैलाई मन्त्रमुग्ध बनाइ दिनुहुन्छ । उहाँ देशकै चर्चित गीतकार हुनाको साथै गायक पनि हुनुहुन्छ ।

ख) तलका वाक्यहरूलाई आवश्यक सुधार सहित पूर्ण वर्तमान कालमा परिवर्तन गर्नु होस्: (५)
यस वर्षको वसन्त ऋतु पनि शुरु भयो । रुख विरुवाहरू हराभरा देखिए । चरा चुरुङ्गीहरू पनि निकै रमाए । कविहरू कविता रच्न मै तल्लीन रहे । चारैतिरको वातावरण उल्लासमय देखियो ।

उत्तर:यस वर्षको वसन्त ऋतु पनि शुरु भएको छ । रुख विरुवाहरू हराभरा देखिएका छन् । चरा चुरुङ्गीहरू पनि निकै रमाएका छन् । कविहरू कविता रच्न मै तल्लीन रहेका छन् । चारैतिरको वातावरण उल्लासमय देखिएको छ ।

**८. २०७० सेट सी प्र.नं. ६**

क) तलको अनुच्छेदमा रहेका बहु वचनलाई एक वचन र एक वचनलाई बहु वचनमा परिवर्तन गर्नु होस् : (५)
मेरा साथीहरू कलेज पढ्न सहर गए । म चाहिँ गाउँका मायाले यहीं पढ्न थालें । उनीहरू सहरमा धुवाँधुलो खाएर बसेका छन् । म गाउँको स्वच्छ हावापानीमा रमाइ रहेको छु । आखिर पढाइ त उनीहरूको र मेरो एउटै त हो नि !

उत्तर: मेरो साथी कलेज पढ्न सहर गयो । हामीचाहिँ गाउँको मायाले यहीं पढ्न थाल्यौं । ऊ सहरमा धुँवाधुँलो खाएर बसेको छ । हामी गाउँको स्वच्छ हावापानीमा रमाइ रहेका छौं । आखिर पढाइ त उसको र हाम्रो एउटै त हो नि !

ख) तलको अनुच्छेदमा प्रयुक्त सामान्य वर्तमान कालका क्रियालाई अभ्यस्त भूतकालमा परिवर्तन गरी आवश्यक वाक्य ढाँचा सहित पुनर्लेखन गर्नु होस् : (५)
गोविन्द छुट्टीमा घर जान्छ । ऊ बुवाआमालाई भेट्छ । ऊ धेरै खुशी हुन्छ । केही समय ऊ गाउँ पनि डुल्छ । कलेज लागेपछि ऊ घरबाट डेरा फर्कन्छ ।

उत्तर: गोविन्द छुट्टीमा घर जान्थ्यो । ऊ बुबाआमालाई भेट्थ्यो । ऊ धेरै खुशी हुन्थ्यो । केही समय ऊ गाउँ पनि डुल्थ्यो । कलेज लागेपछि ऊ घरबाट डेरा फर्कन्थ्यो ।

**९. २०७० सेट डी प्र.नं. ६**

क) तलका वाक्यहरूलाई आवश्यक सुधार सहित स्त्रीलिङ्गमा परिवर्तन गर्नु होस् : (५)
ऊ डोटीमा जन्मिएको हो । उसले त्यहाँ पाँच कक्षासम्म पढेको थियो । ऊ अहिले राजधानी काठमाडौँमा कक्षा एघारमा पढ्दै छ । उसले होटेल व्यवस्थापन विषय लिएर पढेको छ । ऊ नेपालकै पाँच तारे होटेलमा काम गर्ने सुरमा छ ।

उत्तर: उनी डोटीमा जन्मिएकी हुन् । उनले त्यहाँ पाँच कक्षासम्म पढेकी थिइन । उनी अहिले राजधानी काठमाडौँमा कक्षा एघारमा पढ्दै छिन् । उनले होटेल व्यवस्थापन विषय लिएर पढेकी छिन् । उनी नेपालकै पाँच तारे होटेलमा काम गर्ने सुरमा छिन् ।

ख) तलका वाक्यहरूलाई आवश्यक सुधार सहित एक वचनबाट बहुवचनमा परिवर्तन गर्नु होस्:(५)
तँ विदेश जान्छस् । त्यहाँ तैंले राम्रो काम पाउँछस् । त्यहाँ तैंले धेरै अनुभव लिनेछस् । विदेशबाट फर्किए पछि ती अनुभवलाई तँ आफ्नो देशमा लगाउँछस् । तँ खुसी हुन्छस् ।

उत्तर: तिनीहरू विदेश जान्छन् । त्यहाँ तिनीहरूले राम्रो काम पाउँछन् । त्यहाँ तिनीहरूले धेरै अनुभव लिनेछन् । विदेशबाट फर्किए पछि ती अनुभवहरूलाई तिनीहरूले आफ्नो देशमा लगाउँछन् । तिनीहरू खुशी हुन्छन् ।

Question Bank Nepal

१०. २०६९ प्र.नं. ६

क) तलको अनुच्छेदमा रहेको एक वचन कर्तालाई बहु वचनमा फेरी अन्य आवश्यक परिवर्तन पनि गर्नु होस्: (५)

मेरो भाइ बेलायत गयो। उसले त्यहाँ पाँच वर्ष पढ्ने छ। त्यसपछि ऊ नेपाल फर्कने छ। विमान स्थलमा उसको साथीले भव्य स्वागत गर्ने छ। ऊ दङ पर्ने छ र फेरि विदेश जाने छैन।

उत्तर: हाम्रा भाइहरू बेलायत गए। उनीहरूले त्यहाँ पाँच वर्ष पढ्ने छन्। त्यसपछि उनीहरू नेपाल फर्कने छन्। विमानस्थलमा उनीहरूका साथीहरूले भव्य स्वागत गर्ने छन्। उनीहरू दङ्ग पर्ने छन् र फेरि विदेश जाने छैनन्।

ख) तलको अनुच्छेदको प्रथम पुरुष कर्तालाई द्वितीय पुरुष कर्तामा बदली अन्य आवश्यक परिवर्तन पनि गर्नु होस्: (५)

म नेपाली हुँ। सगरमाथा मेरो गौरव हो। म त्यसको शिखरमा पुग्न सकेको छैन। कहिले त्यहाँ पुगूँ भन्ने मलाई लागि रहेको छ। अहिलेसम्म अवसर पाउन भने मैले सकेको छैन।

उत्तर: तिमी नेपाली हौ। सगरमाथा तिम्रो गौरव हो। तिमी त्यसको शिखरमा पुग्न सकेका छैनौ। कहिले त्यहाँ पुगुँ भन्ने तिमीलाई लागिरहेको छ। अहिलेसम्म अवसर पाउन भने तिमीले सकेका छैनौ।

११. २०६८ प्र.नं. ६ख

तलको अनुच्छेदमा प्रयुक्त सबै क्रियापदलाई सामान्य भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्: (५)

म सौराहा जान्छु। मलाई त्यो ठाउँ राम्रो लाग्छ। म त्यहाँ पुराना साथी भेट्छु। साथीहरूले मलाई उपहार दिन्छन्। ती उपहार लिएर म घर फर्कन्छु।

उत्तर: म सौराहा गएँ। मलाई त्यो ठाउँ राम्रो लाग्यो। मैले त्यहाँ पुराना साथी भेटें। साथीहरूले मलाई उपहार दिए। ती उपहार लिएर म घर फर्किएँ।

१२. २०६८ प्र.नं. ७क

वाक्य ढाँचा सहित एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नु होस्:(५)

काला चराहरू आकाशमा उडे। सिकारीले गुलेली ताक्यो। कमिलाले सिकारीको खुट्टामा टोकिदियो। ऊ छटपटायो। बन्दुक पड्क्यो। चराहरू भागे।

उत्तर: कालो चरो आकाशमा उड्यो। सिकारीहरूले गुलेली ताके। कमिलाहरूले सिकारीहरूका खुट्टामा टोकिदिए। उनीहरू छटपटाए। बन्दुकहरू पड्किए। चरो भाग्यो।

## एकाइ ७: वाक्य तत्त्व ६

१. २०७२ सेट सी प्र.नं. ७

क) 'ले', 'लाई', 'बाट', 'देखि', 'मा' र 'द्वारा' विभक्ति चिह्नको प्रयोग गरी छ वाक्यमा नेपालको सौन्दर्यको वर्णन गर्नुहोस्: (६)

उत्तर: नेपालले प्राकृतिक सौन्दर्यका कारण विश्वमा नेपालीको स्वाभिमान उच्च राखेको छ। नेपालीलाई विदेशीहरू सुन्दरताको देश, लडाकुहरूको देश र वीरहरूको देशका नागरिक भनेर चिन्छन्। विदेशीहरूबाट हरेक वर्ष नेपालका हिमाल, नदीनाला, वनजङ्गल एवम् ताल तलैयाहरू भ्रमण अवलोकन गरिन्छ। नेपालको उत्तरतर्फ पूर्वदेखि पश्चिमतर्फ फैलिएको हिमालय पर्वतमालाले यसको सौन्दर्यलाई झनै बढाएको छ त्यसैले यहाँको सौन्दर्यमा विदेशीहरू समाहित हुन, रमाउन र सुस्ताउन चाहान्छन्। नेपालीहरूद्वारा आफ्नो प्राकृतिक सौन्दर्यको संरक्षण र संवर्द्धन गरिनु पर्दछ।

ख) तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस्: (६)

सन्तोषको दिदी डाक्टर हो। उनी गाउँमा बस्छे। ऊ रोगीको सेवा गर्न मन पराउँछ। उसकी एउटा भाइ छ। ऊ भाइलाई असल व्यक्ति बनाउन चाहनु हुन्छ। ऊहरू मिलेर बस्छ।

उत्तर: सन्तोषकी दिदी डाक्टर हुन्। उनी गाउँमा बस्छिन्। उनी रोगीको सेवा गर्न मन पराउँछिन्। उनको एउटा भाइ पनि छ। उनी भाइलाई असल व्यक्ति बनाउन चाहन्छिन्। उनीहरू मिलेर बस्छन्।

२. २०७२ सेट डी प्र.नं. ७

क) 'ले', 'लाई', 'बाट', 'द्वारा', 'मा' र 'देखि' विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका छ वटा वाक्यमा आफ्नो टोलको सफाइ अभियानको वर्णन गर्नुहोस्। (६)

उत्तर: हाम्रो टोलले सरसफाइ अभियान थालेको छ। टोलका हरेक सदस्यले टोललाई सफा राख्ने सङ्कल्प लिएका छन्। उनीहरूको सङ्कल्पबाट टोल लाभान्वित हुनेछ। टोलका प्रत्येक सदस्यद्वारा टोलको सरसफाई अभियानका लागि चन्दा

उपलब्ध गराइएको छ । टोलमा जथाभावी फोहोर फाल्न र जथाभावी बाटो खन्न समेत बर्जित गरिएको छ । सरसफाई अभियान थालेदेखि टोलवासीहरू फोहोरको डुङ्गुरबाट आउने अनावश्यक दुर्गन्धबाट मुक्त भएका छन् ।

ख) तलको अनुच्छेदको वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

मेरो बहिनी ज्ञानी छे। ऊ सधैं स्कुल जान्छिन्। साना भाइ पनि नियमित स्कुल गई पढ्छ। आमा दुवैलाई माया गर्छिन्। बुवा पनि कार्यालयबाट आउँदा दुवैलाई खानेकुरा ल्याइ दिन्छ। आमावुबाको माया पाएर दुवै खुशी छ।

उत्तरः मेरी बहिनी ज्ञानी छे ।ऊ सधैँ स्कुल जान्छे । सानो भाइ पनि नियमित स्कुल गइ पढ्छ । आमा दुवैलाई माया गर्नुहुन्छ । बुबा पनि कार्याल्यबाट आउँदा दुवैलाई खानेकुरा ल्याई दिनुहुन्छ । बुबाआमाको माया पाएर दुवै खुसी छन् ।

**३. २०७२ सेट इ प्र.नं. ७**

क) 'ले', 'लाई', 'द्वारा', 'बाट', 'देखि' र 'मा' विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका छ वटा वाक्यमा आफूले पढेको कुनै किताबको वर्णन गर्नुहोस् : (६)

उत्तरः मैले लक्ष्मीप्रसाद देवकोटाले लेखेको मुनामदन पढेको छु । पाठकहरू मुनामदन खण्डकाव्यलाई नेपाली साहित्यको उत्कृष्ट रचना मान्दछन् । मुनामदन खण्डकाव्यद्वारा मानिसभित्रको जातीय विभेद हटाउने प्रयास गरिएको छ । मुनामदन खण्डकाव्यबाट मैले मानिस जातले भन्दा बढी विचारले महान हुन्छ भन्ने सन्देश पाएँ । मुनामदन पढेदेखि मैले विचारलाई प्राथमिकता दिन थालेको छु । मुनामदनमा प्रयोग भएको लोकलयले पनि पाठकहरूको संख्या बढाएको छ ।

ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

मेरो साथीहरू विद्यालय आएको छ। उनीहरूले नेपाली किताब ल्याएको छ। म र ऊहरू मिलेर बस्छ। केही साथीहरू हामीसँगै वस्छिन्। शिक्षकहरू हामीलाई माया गर्छ। हामीहरूले विद्यालयको अनुशासन पालना गरेका छौं।

उत्तरः मेरा साथीहरू विद्यालय आएका छन् । उनीहरूले नेपाली किताब ल्याएका छन् । म र उनीहरू मिलेर बस्छौं । केही साथीहरू हामीसँगै बस्छन् । शिक्षकहरू हामीलाई माया गर्नुहुन्छ । हामीले विद्यालयको अनुशासन पालना गरेका छौं ।

**४. २०७१ पूरक प्र.नं. ७**

क) ले, लाई, द्वारा, बाट, मा र देखि विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी ६ वटा वाक्यमा आफ्ना गुरुको वर्णन गर्नुहोस् । (६)

उत्तरः गुरुले हामीलाई हँसाइ हँसाइ पढाउनुहुन्छ । गुरुलाई हामीले शिक्षकका साथै असल साथीका रूपमा पनि लिएका छौँ । गुरुद्वारा हामीलाई पढाइका अतिरिक्त अन्य कुराहरूको पनि जानकारी गराइन्छ । गुरुबाट हामीलाई योग्य मानिस कसरी बन्ने भन्ने कुराको जानकारी पनि गराइन्छ । गुरुमा भएको ज्ञानको भण्डार देखेर हामी चकित परेका छौँ । गुरुमा भएको प्रतिभादेखि नतमस्तक नहुने कमै हुन्छन् ।

ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

सरोजको बहिनी कलेज जाँदै थिई। ऊ बसमा चढ्यो। बसमा निकै भिड रहेछन्। धेरै यात्रीहरू झुन्डिएर यात्रा गरिरहेको थियो। उसले एक जना सिटमा बसेको यात्रीलाई उठिदिन आग्रह गर्नुभयो। एउटा सिट खाली भएपछि ऊ वस्न गइन्।

उत्तरः सरोजकी बहिनी कलेज जाँदै थिई । ऊ बसमा चढी । बसमा निकै भिड रहेछ । धेरै यात्रीले झुन्डिएर यात्रा गरिरहेका थिए । उसले एक जना सिटमा बसेको यात्रीलाई उठिदिन आग्रह गरी । एउटा सिट खाली भएपछि ऊ बस्न गई ।

**५. २०७१ सेट सी प्र.नं. ७**

क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू कुन कुन कारक हुन् ? पहिचान गरी लेख्नु होस्:(६)

झोलामा भएको त्यो कलम बुवाले मलाई विदेशबाट ल्याइ दिनु भएको हो। मैले हिजै त्यसले एउटा निबन्ध लेखें र पत्रिकामा छाप्न पठाएँ। अब म त्यो कलम कसैलाई पनि दिन्न।

उत्तरः

| शब्द | कारक | शब्द | कारक |
|---|---|---|---|
| झोलामा | अधिकरण कारक | त्यसले | करण कारक |
| कलम | कर्म कारक | निबन्ध | कर्म कारक |
| बुवाले | कर्ता कारक | पत्रिकामा | अधिकरण कारक |
| मलाई | सम्प्रदान कारक | म | कर्ता कारक |
| विदेशबाट | अपादान कारक | कलम | कर्म कारक |
| मैले | कर्ता कारक | कसैलाई | सम्प्रदान कारक |

Question Bank Nepal

ख) तलका वाक्यमा सङ्गति मिलाई पुनर्लेखन गर्नु होस् : (६)

योगेश र जुनू दाजु बहिनी हो । उनीहरू एउटै कजेलमा पढ्छे । त्यो दुवैले कक्षा बार प्रथम श्रेणीमा उत्तीर्ण गर्नु भएको छ । तपाइहरूले पनि उनीहरूलाई चिन्छौँ । म पनि उनीहरूलाई चिन्छम् । दुवै असल विद्यार्थी हो ।

उत्तरः योगेश र जुनू दाजु बहिनी हुन् । उनीहरू एउटै कजेजमा पढ्छन् । ती दुवैले कक्षा बाह प्रथम श्रेणीमा उत्तीर्ण गरेका छन् । तपाईहरूले पनि उनीहरूलाई चिन्नु हुन्छ । म पनि उनीहरूलाई चिन्छु । दुवै असल विद्यार्थी हुन् ।

---

**६. २०७१ सेट डी प्र.नं. ७**

क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू कुन कुन कारक हुन् ? पहिचान गरी लेख्नु होस्:(६)

<u>प्रकृतिले</u> <u>मनलाई</u> आनन्दित तुल्याउँछ । <u>सहरदेखि</u> परको प्रकृतिमा रम्न पाउँदा <u>सबैलाई</u> आनन्द आउँछ । नेपालको भूभाग प्रायः <u>प्रकृतिले</u> घेरेको छ । <u>हिमालबाट</u> झरेका नदीनालाहरूलाई हेर्दा कसको मन रमाउँदैन र ? त्यसैले पनि <u>कविहरूले</u> प्रकृतिको गुणगान गरेका हुन् । मनमा आनन्द र <u>हृदयम</u> शान्त भाव उमार्न सक्ने क्षमता प्रकृतिमा नै छ । प्रकृतिबाट रचित यो <u>धर्तीमा</u> जन्मेको <u>मैले</u> यसबाट धेरै पाठ सिक्नै पर्छ । मैले बेलाबेलामा दुर्बिनबाट यहाँको सुन्दर प्रकृतिको अवलोकन गरेको छु । म आफ्नो <u>देशलाई</u> ज्यादै माया गर्छु ।

उत्तरः

| शब्द | कारक | शब्द | कारक |
|---|---|---|---|
| प्रकृतिले | कर्ता कारक | कविहरूले | कर्ता कारक |
| मनलाई | कर्म कारक | हृदयम | कर्म कारक |
| सहरदेखि | अपादान कारक | धर्तीमा | अधिकरण कारक |
| सबैलाई | सम्प्रदान कारक | मैले | कर्ता कारक |
| प्रकृतिले | कर्ता कारक | देशलाई | सम्प्रदान कारक |
| हिमालबाट | अपादान कारक | | |

ख) तलको अनुच्छेदका वाक्यमा सङ्गति मिलाई पुनर्लेखन गर्नु होस् : (६)

अग्लो केटी मञ्चमा नाच्न गयो । ऊ नाच्न जान्ने केटी हुन् । मैले त उसको नाच हेरेको छ । तैँले उसको नाच हेर्‍यो । हेर्छस् भने हिँड्नु होस् । म तँलाई लिएर उसको नाच हेर्न जान्छ ।

उत्तरः अग्लो केटो मञ्चमा नाँच्न गयो । ऊ नाँच्न जान्ने केटो हो । मैले त उसको नाँच हेरेको छु । तैले उसको नाँच हेरिस् । हेर्छस् भने हिँड् । म तँलाई लिएर उसको नाँच हेर्न जान्छु ।

**७. २०७० पूरक प्र.नं. ७**

क) ले, लाई, बाट, द्वारा, मा र देखि विभक्ति लागेको भिन्न भिन्न कारकको प्रयोग भएका ६ वटा वाक्यमा आफू सहभागी भएको कुनै कार्यक्रमका घटनाको वर्णन गर्नु होस् । (६)

उत्तरः उच्च शिक्षा अध्ययन गरेका पूर्व विद्यार्थीहरूको <u>कलेजले</u> भेला आयोजना गरेको थियो । उक्त कार्यक्रममा <u>मलाई</u> उद्घोषणको जिम्मा दिइएको थियो । कार्यक्रमको बीचमा अध्ययनरत विद्यार्थीहरूले आफ्नो कला र <u>गलाद्वारा</u> मनोरञ्जन प्रदान गरेका थिए । सबै <u>विद्यार्थीहरूबाट</u> खुशी व्यक्त गरिएको थियो । उक्त कार्यक्रमले पूर्व विद्यार्थीहरू र <u>शिक्षकहरूकाबीचमा</u> सुमधुर सम्बन्ध स्थापित गर्‍यो । कार्यक्रम पूर्ण रूपमा सफल भएकोले गुरुहरू <u>मदेखि</u> निकै खुशी हुनुभयो ।

---

ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नु होस् : (६)

मेरो कजेलको नेपाली गुरु असल छ । उहाँ राम्ररी बुझाएर पढाउँछ । हामी उहाँले पढाएको कुराहरू राम्ररी बुझ्छ । मेरो केटी साथी बबिताले पनि उहाँले पढाएको राम्रो मान्छ । कजेलका सबै विद्यार्थीहरू उहाँलाई सम्मान गर्ने तरखरमा रहेको छ ।

उत्तरः मेरो कलेजका नेपाली गुरु असल हुनुहुन्छ । उहाँले राम्ररी बुझाएर पढाउनु हुन्छ । हामी उहाँले पढाएका कुराहरू राम्ररी बुझ्छौँ । मेरी केटी साथी बबिताले पनि उहाँले पढाएको राम्रो मान्छिन् । कलेजका सबै विद्यार्थीहरू उहाँलाई सम्मान गर्ने तरखरमा रहेका छन् ।

---

**८. २०७० सेट सी प्र.नं. ७**

क) तलको अनुच्छेदमा रेखाङकित शब्दहरू कुन कुन कारकका हुन्? पहिचान गरी लेख्नु होस्: (६)

<u>झोली</u> बोकेर <u>घरघर</u> डुल्दै <u>आँगनमा</u> आएको <u>जोगीलाई</u> <u>आमाले</u> <u>बट्काबाट</u> <u>झोलीमा</u> <u>भिक्षा</u> दिएपछि <u>ऊ</u> <u>त्यहाँबाट</u> अर्को <u>घरमा</u> गयो र फेरि <u>पैसा</u> माग्न थाल्यो ।

Question Bank Nepal

उत्तर:

| शब्द | कारक | शब्द | कारक |
|---|---|---|---|
| झोली | कर्म कारक | झोलीमा | अधिकरण कारक |
| घरघर | अधिकरण कारक | भिक्षा | कर्म कारक |
| आँगनमा | अधिकरण कारक | ऊ | कर्ता कारक |
| जोगीलाई | सम्प्रदान कारक | त्यहाँबाट | अपादान कारक |
| आमाले | कर्ता कारक | घरमा | अधिकरण कारक |
| बटुकाबाट | करण कारक | पैसा | कर्म कारक |

ख) तलका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नु होस् : (६)

यसपालि सुमित्रा अमेरिकाबाट गाउँ आयो । मैले उसलाई भेट्नु पायो । ऊ धेरै खुसी भयो । म पनि खुसी भइन् । मैले उहाँलाई बजार घुमायो । ऊ फेरि अमेरिकै फर्कनु भयो ।

उत्तर: यसपालि सुमित्रा अमेरिकाबाट गाउँ आइन् । मैले उनलाई भेट्न पाएँ । उनी धेरै खुसी भइन् । म पनि खुसी भएँ । मैले उनलाई बजार घुमाएँ । उनी फेरि अमेरिकै फर्किन् ।

**९. २०७० सेट डी प्र.नं. ७**

क) ले, लाई, बाट, द्वारा, मा र देखि विभक्ति लागेको भिन्न भिन्न कारकको प्रयोग भएका छ वटा वाक्यमा आफ्नो साथीको वर्णन गर्नु होस्: (६)

उत्तर: मैले भेटेका थुप्रै मित्रहरू मध्ये बलराम अभिन्न मित्र थिए । उनले मलाई अप्ठ्यारो परिस्थितिमा पनि बारम्बार सहयोग गर्थे । उनीबाट मैले विभिन्न सरसल्लाह एवं सुझावहरू निरन्तर रूपमा पाइरहन्थेँ । उनीद्वारा कलेजमा शैक्षिक गतिविधिका विभिन्न कार्यक्रमहरू भइरहन्थे । जुन कार्यक्रमहरूले हामी साथीहरूमा उत्साह थपिन्थ्यो । उनका गतिविधिदेखि हामीहरू सबै प्रभावित थियौँ ।

ख) तलका अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नु होस् : (६)

एक दिन हामी घुम्नका लागि नजिकैको जङ्गल गयो । त्यस जङ्गलमा अग्लो रुखहरू थिए । मेरो भाइ एउटा जामुनको रुखमा चढी । उसले जामुन टिपेर हामीलाई तल झारिदिए । दिनभर जङ्गलमा रमाइलो गरेर हामी साँझपख घरतिर फर्के ।

उत्तर: एक दिन हामी घुम्नका लागि नजिकैको जङ्गलमा गयौँ । त्यस जङ्गलमा अग्ला रुखहरू थिए । मेरो भाइ एउटा जामुनको रुखमा चढ्यो । उसले जामुन टिपेर हामीलाई तल झारिदियो । दिनभर जङ्गलमा रमाइलो गरेर हामी साझँपख घरतिर फर्क्यौँ ।

**१०. २०६९ प्र.नं. ७**

क) 'ले', 'लाई', 'द्वारा' , 'बाट' , 'देखि', र 'मा' , विभक्ति लागेका भिन्न कारकको प्रयोग भएका छ वटा वाक्यमा आफूले देखेका कुनै सडक दुर्घटनाका बारेमा वर्णन गर्नु होस् । (६)

उत्तर: मैले सडक दुर्घटना देखेँ । बानेश्वरबाट रत्नपार्क जाँदै गरेको बसले माइक्रोलाई ठक्कर दिएको थियो । चालकद्वारा दुर्घटना टार्न निकै कोशिस भएको थियो । एम्बुलेन्सबाट घाइतेको उद्धार गरिएको थियो । अस्पतालमा घाइतेहरू हेर्नेको धेरै भिँड लागेको थियो । म पनि अबदेखि यस्तो दुर्घटना देख्न नपरोस् भनी हिँडे ।

ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नु होस् : (६)

महाकवि लक्ष्मीप्रसाद देवकोटाले थुप्रै कविता लेखेको छ । उसले केही कथाहरू समेत रचेका छन् । उनले एउटा उपन्यास पनि लेखेको छ । उनले निकै राम्रा निबन्धहरू पनि लेखेको छ । उनले लेखेका ती निबन्धहरू निजात्मक खालको छ । नेपाली साहित्यका विभिन्न विधाको रचना गर्ने उनी महान् प्रतिभा हो ।

उत्तर: महाकवि लक्ष्मीप्रसाद देवकोटाले थुप्रै कविता लेखेका छन् । उनले केही कथाको समेत रचना गरेका छन् । उनले एउटा उपन्यास पनि लेखेका छन् । उनले निकै राम्रा निबन्धहरू पनि लेखेका छन् । उनले लेखेका ती निबन्धहरू निजात्मक खालका छन् । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने उनी महान् प्रतिभा हुन् ।

**११. २०६८ प्र.नं. ६क**

तलको वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस्: (५)

मेरी काकीको छोरी काठमाडौं बस्छ । ऊ कलेजमा पढ्छन् । ऊ मेहनती हुनुहुन्छ । उसकी बहिनी पनि त्यहीं सँगै बसेर पढ्छ । उनीहरू राम्रो श्रेणीमा उत्तीर्ण हुन्छ ।

उत्तर: मेरो काकाकी छोरी काठमाडौँमा बस्छिन् । उनी कलेमा पढ्छिन् । उनी मिहिनेती छिन् । उनकी बहिनी पनि त्यहीँ सँगै बसेर पढ्छिन् । उनीहरू राम्रो श्रेणीमा उत्तीर्ण हुन्छन् ।

QuestionBankNepal

१२. २०६८ प्र.नं. ७ख

'ले, लाई, बाट, द्वारा, मा, देखि' विभक्ति प्रयोग गरी ६ वटा वाक्यमा आफ्नो विद्यालयको वयान गर्नु होस् ।

उत्तरः मैले आफू अध्ययन गरेको गाउँको विद्यालयलाई देशकै नमूना बनाउने कोसिस गरेँ । मलाई सबै साथीहरूले सहयोग गरे । साथीहरू लगायत अन्य शुभचिन्तकहरूबाट समेत आर्थिक सङ्कलन गरेँ । विद्यालय व्यवस्थापकद्वारा सङ्कलित रकमलाई उचित व्यवस्थापन गरियो । विद्यालयमा आवश्यक भौतिक पूर्वाधारहरू निर्माण गरियो । गत सालदेखि मेरो विद्यालयमा उच्च माध्यमिक तहको समेत पठनपाठनको व्यवस्था गरिएको छ ।

## एकाइ ८: वाक्यान्तरण ८

१. २०७२ सेट सी प्र.नं. ८

क) तलका जटिल वाक्यहरूलाई **आठ** वटा सरल वाक्यमा छुट्ट्याउनुहोस् : (४)

तपाईं इमान्दार बन्नुहोस् अनि समाजमा इज्जत पाउनु होस् । तपाईं आफूलाई सक्षम ठान्नु होस् र कर्ममा लागिरहनु होस् । जीवन वसन्त मात्र होइन किनभने हामीले शिशिर पनि भोग्नु पर्छ । हामी दुःखबाट आत्तिएनौँ भने हाम्रो जीवन सहज हुन्छ ।

उत्तरः (क) तपाईं इमान्दार बन्नुहोस् । (ख) समाजमा इज्जत पाउनुहोस् । (ग) तपाईं आफूलाई सक्षम ठान्नुहोस् । (घ) तपाईं कर्ममा लागिरहनुहोस् । (ङ) जीवन वसन्त मात्र होइन । (च) हामीले शिशिर पनि भोग्नुपर्छ । (छ) हामी दुःखबाट आत्तिनुहुन्न । (ज) हाम्रो जीवन सहज हुन्छ ।

ख) तलको अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् : (४)

प्रतिमा सधैँ कलेज जान्छे । ऊ कलेज छाडेर घरमा बस्दिन । ऊ नियमित रूपमा गृहकार्य गर्छे । ऊ परीक्षामा सधैँ राम्रो अङ्क ल्याउँछे । उसलाई गुरुहरूले गाली गर्नु हुन्न । ऊ गुरुहरूलाई अनादर गर्दिन । उसको बानी सबैलाई मन परेको छ । ऊ कमजोर छात्रा होइन ।

उत्तरः प्रतिमा कहिल्यै कलेज जान्न । ऊ कलेज छाडेर घरमा बस्छे । ऊ नियमित रूपमा गृहकार्य गर्दिन । ऊ परीक्षामा राम्रो अङ्क ल्याउँदिन । उसलाई गुरुहरूले गाली गर्नुहुन्छ । ऊ गुरुहरूलाई अनादर गर्छे । उसको बानी कसैलाई मन परेको छैन । ऊ कमजोर छात्रा हो ।

ग) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गर्नुहोस् : (४)

देवकोटाले राम्रा कविता लेखेका छन् । उनले साहित्यका अन्य विधामा पनि कलम चलाएका छन् । उनले नेपाली साहित्यमा विशिष्ट योगदान गरेका छन् । उनले शिक्षा सेवा पनि गरेका छन् । उनलाई सबैले सम्मान गर्थे । उनलाई हामी पनि सम्मान गर्छौं । हामी उनलाई बिर्सने छैनौँ । उनका गुणको अनुसरण गर्ने छौँ ।

उत्तरः देवकोटाद्वारा राम्रा राम्रा कविता लेखिएका छन् । उनीद्वारा साहित्यका अन्य विधामा पनि कलम चलाइएका छन् । उनीद्वारा नेपाली साहित्यमा विशिष्ट योगदान गरिएको छ । उनीबाट शिक्षा सेवा पनि गरिएको छ । उनलाई सबैबाट सम्मान गरिन्थ्यो । उनीलाई हामीद्वारा पनि सम्मान गरिन्छ । हामीद्वारा उनी बिर्सिइने छैनन् । उनका गुणको अनुसरण गरिनेछ ।

२. २०७२ सेट डी प्र.नं. ८

क) तलका सरल वाक्यहरूबाट चार वटा जटिल वाक्य बनाउनु होस् : (४)

वन्यजन्तुहरू धमाधम लोप हुँदै छन् । वनजङ्गल मासिँदै गइ रहेको छ । असङ्ख्य रुखहरू काटिए । वन्यजन्तुहरूको वासस्थान उजाडियो । वन विनाशले पानीका मुहान सुके । हामी पानीका लागि छटपटाइ रहेको छौँ । पानी नपर्दा अन्न उब्जँदैन । हामी भोकमरीमा पर्छौं ।

उत्तरः (क) वनजङ्गल मासिँदै गइरहेको छ त्यसैले वन्यजन्तुहरू धमाधम लोप हुँदै छन् । (ख) जब असङ्ख्य रुखहरू काटिए तब वन्यजन्तुहरूको वासस्थान उजाडियो । (ग) वनविनाशले पानीको मुहान सुके तसर्थ हामी पानीका लागि छटपटाइ रहेका छौँ । (घ) पानी नपर्दा अन्न उब्जँदैन अनि हामी भोकमरीमा पर्छौं ।

ख) तलको अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् । (४)

प्रतिक्षा सधैँ कलेज जान्छे । ऊ कलेज छाडेर घरमा बस्दिन । ऊ नियमित रूपमा गृहकार्य गर्छे । ऊ परीक्षामा राम्रो अङ्क ल्याउँछे । उसलाई गुरुहरूले गाली गर्नु हुन्न । ऊ गुरुहरूलाई अनादर गर्दिन । उसको बानी सबैलाई मन परेको छ । ऊ कमजोर

Question Bank Nepal

छात्रा होइन ।

उत्तरः प्रतिक्षा कहिल्यै कलेज जान्न । ऊ कलेज छाडेर घरमा बस्छे । ऊ नियमित रूपमा गृहकार्य गर्दिन । ऊ परीक्षामा राम्रो अङ्क ल्याउँदिन । उसलाई गुरुहरूले गाली गर्नुहुन्छ । ऊ गुरुहरूलाई अनादर गर्छे । उसको बानी कसैलाई मन परेको छैन । ऊ कमजोर छात्रा हो ।

---

ग) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् : (४)

आज कविता वाचन प्रतियोगितामा सहभागी भइन्छ । त्यहाँ चर्चित कविहरू भेटिन्छन् । एउटा कविता वाचन गरिन्छ । अरुले वाचन गरेका कविताहरू सुनिन्छ । निर्णायक मण्डलबाट कविताहरू जाँचिन्छन् । प्रतियोगिताको नतिजा सुनाइन्छन् । त्यस प्रतियोगितामा पुरस्कार जितिन्छ । खुसी हुँदै घर आइन्छ ।

उत्तरः म आज कविता वाचन प्रतियोगितामा सहभागी हुन्छु । त्यहाँ चर्चित कविहरू भेट्छु । एउटा कविता वाचन गर्छु । अरुले वाचन गरेका कविताहरू सुन्छु । निर्णायक मण्डलले कविताहरू जाँच्छन् । निर्णायक मण्डलले प्रतियोगिताको नतिजा सुनाउँछन् । म त्यस प्रतियोगितामा पुरस्कार जित्छु । म खुशी हुँदै घर आउँछु ।

---

**३. २०७२ सेट इ प्र.नं. ८**

क) तलका आठवटा सरल वाक्यलाई चार वटा जटिल वाक्यमा परिवर्तन गर्नुहोस् : (४)

हामी निलबाराही गयौँ । हामीले वनभोज खायौँ । जीवन रमाइलो छ । यस जीवनलाई सुन्दर बनाउनु पर्छ । हामी नेपाली हौँ । नेपाल निर्माणमा हाम्रो दायित्व छ । हामी असल मानव बनौँ । हामी इमान्दार बनौँ ।

उत्तरः (क) हामी निलबाराही गयौँ र हामीले वनभोज खायौँ । (ख) जीवन रमाइलो छ त्यसैले यसलाई सुन्दर बनाउनु पर्दछ । (ग) नेपाल निर्माणमा हाम्रो दायित्व छ किनभने हामी नेपाली हौँ । (घ) हामी इमान्दार बनौँ र असल मानव बनौँ ।

---

ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् : (४)

आफू त बिहानै उठियो । खाजा खाइयो । साथीभाइलाई फोन गरी बोलाइयो । परीक्षाका लागि हामी केन्द्रतिर लाग्यौँ । हामीले पढाइ सम्बन्धी कुरा गर्‍यौँ । हामीलाई सरले प्रश्नपत्र दिनुभयो । हामीले प्रश्न पढ्यौँ । अनि मजाले उत्तर लेखियो ।

उत्तरः म त बिहानै उठेँ । खाजा खाएँ । साथीभाइलाई फोन गरी बोलाएँ । परीक्षाका लागि केन्द्रतिर लागियो । हामीद्वारा पढाइसम्बन्धी कुरा गरिए । हामीलाई सरद्वारा प्रश्नपत्र दिइयो । हामीद्वारा पश्न पढियो अनि हामीले मजाले उत्तर लेख्यौँ ।

---

ग) तलका अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् : (४)

साथीले मिहेनत गर्थे । उनीहरू लगनशील थिए । हामी उनीहरूलाई सधैँ साथ दिन्थ्यौँ । उनीहरूको आशा ठूलो थियो । उनीहरू भाग्यका भरमा थिएनन् । हामीलाई यो कुरा थाहा थिएन । उनीहरूले जीवनमा अल्छी गरेनन् । त्यसो हुनाले नै उनीहरू सफलताबाट टाढा रहेनन् ।

उत्तरः साथीले मिहेनत गर्दैनथे । उनीहरू लगनशील थिएनन् । हामी उनीहरूलाई कहिल्यै साथ दिँदैनथ्यौँ । उनीहरूको आशा ठूलो थिएन । उनीहरू भाग्यको भरमा थिए । हामीलाई यो कुरा थाहा थियो । उनीहरूले जीवनमा अल्छी गरे । त्यसो हुनाले नै उनीहरू सफलताबाट टाढा रहे ।

---

**४. २०७१ पूरक प्र.नं. ८**

क) तलका चार ओटा जटिल वाक्यबाट आठओटा सरल वाक्य बनाउनुहोस् : (४)

जङ्गलको संरक्षण गर्नु उचित हो । मान्छेले जङ्गल मासेपछि खडेरी लाग्न सुरु हुन्छ । खडेरीले मानिस भोकभोकै पर्दा क्रान्तिले जन्म लिन्छ । जङ्गलको उचित संरक्षण गरी भविष्यमा आइपर्ने सङ्कटबाट समयमै बच्नु पर्छ ।

उत्तरः (क) वनजङ्गलको संरक्षण गर्नु उचित हो । (ख) मान्छेले वनजङ्गल मास्छ । (ग) खडेरी लाग्न सुरु हुन्छ । (घ) मानिस भोकभोकै पर्छ । (ङ) क्रान्तिले जन्म लिन्छ । (च) वनजङ्गलको उचित संरक्षण गर्नुपर्छ । (छ) भविष्यमा सङ्कट पर्न सक्छ । (ज) सङ्कटबाट समयमै बच्नुपर्छ ।

---

ख) आवश्यक कुराहरूको थपघट सहित तलका वाक्यहरूलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस: (४)

Question Bank Nepal

यसपालि नयाँ वर्षका दिन विशेष कार्यक्रमको आयोजना गरियो। कार्यक्रममा आफन्तहरू भेटिए। खुब मजाले नाचियो। अबेरसम्म कार्यक्रममै व्यस्त भइयो। समय गएको पत्तै पाइएन। घर फर्कनका लागि एउटा ट्याक्सी खोजियो। राति अबेर गरेर घर आई सुतियो। भोलिपल्ट बिहानै स्कुल जान सकिएन।

उत्तर: हामीले यसपालि नयाँ वर्षका दिन विशेष कार्यक्रमको आयोजना गर्‍यौँ। कार्यक्रममा आफन्तहरू भेट्यौँ। खुब मजाले नाच्यौँ। अबेरसम्म कार्यक्रममै व्यस्त भयौँ। समय गएको पत्तै पाएनौँ। घर फर्कनका लागि एउटा ट्याक्सी खोज्यौँ। राती अबेर गरेर घर आएर सुत्यौँ। भोलिपल्ट बिहानै स्कुल जान सकेनौँ।

---

ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् : (४)

हामी दङ्ग पर्‍यौँ। हामी हिमालका माथि माथि हवाई जहाजहरू उडेका देख्यौँ। ती चिल उडे झैँ उडि रहेका हुन्थे। ती एकै छिनमा बाक्लो बादलभित्र हराउँथे।

उत्तर: चिल उडे झैँ हिमालका माथि माथि हवाईजहाज उडेर बाक्लो बादलभित्र हराउँदा हामी दङ्ग पर्‍यौँ।

---

**५. २०७१ सेट सी प्र.नं. ८**

क) तलको अनुच्छेदका चारवटा जटिल वाक्यलाई आठवटा सरल वाक्यमा परिवर्तन गर्नु होस् : (४)

संविधान सभाको निर्वाचन भए पनि संविधान बन्न सकेको छैन। जबसम्म प्रमुख राजनीतिक पार्टीहरू मिल्दैनन् तबसम्म यो काम अगाडि बढ्न सक्दैन। शासकीय स्वरुप र राज्यको पुनः संरचनाका सम्बन्धमा एउटै मत नबने जनमत सङ्ग्रहमा जानु पर्छ। छिटो छिटो संविधान निर्माणको काम सकेर त्यसपछि मुलुकको चौतर्फी विकासमा लाग्नु पर्छ।

उत्तर: (१) संविधान सभाको निर्वाचन भयो। (२) संविधान बन्न सकेको छैन। (३) प्रमुख राजनीतिक पार्टीहरू मिल्दैनन्। (४) संविधान बन्ने काम अगाडि बढ्न सक्दैन। (५) शासकीय स्वरूप र राज्यको पुनः संरचनाका सम्बन्धमा एउटै मत बन्दैन। (६) प्रमुख राजनीतिक पार्टीहरू जनमत सङ्ग्रहमा जानु पर्छ। (७) छिटो छिटो संविधान निर्माणको काम सक्नु पर्दछ। (८) प्रमुख राजनीतिक पार्टीहरू मुलुकको चौतर्फी विकासमा लाग्नु पर्छ।

---

ख) आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नु होस्: (४)

परीक्षा सकेर हामी पोखरा घुम्न जान्छौँ। त्यहाँका रमणीय ठाउँहरूको अवलोकन गर्छौं। साथीभाइसँग भेटघाट पनि गर्छौं। फोटाहरू खिच्छौँ। साँझ नाचगान गरी रमाइलो मनाउँछौँ। फर्कदा मनकामनाको दर्शन पनि गर्छौं। केबुलकार चढेर आनन्द लिन्छौँ। भोलिपल्ट मात्र घर फर्कन्छौँ।

उत्तर:परीक्षा सकेर हामीद्वारा पोखरा घुम्न गइन्छ। त्यहाँका रमणीय ठाउँहरूको अवलोकन गरिन्छ। साथीभाईसँग भेटघाट पनि गरिन्छ। फोटाहरू पनि खिचिन्छ। साँझमा नाचगान गरी रमाइलो मनाइन्छ। फर्कँदा मनकामनाको दर्शन पनि गरिन्छ। केबलुकार चढेर आनन्द लिइन्छ। भोलिपल्ट मात्र घर फर्किइन्छ।

---

ग) तलका अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नु होस् : (४)

सुमन विदेश गएन। ऊ बुवाआमाले भनेको मान्दैन। ऊ यहीं बस्न चाहन्छ। विदेशको दुख उसलाई थाहा छ। काम गर्दा जहाँ पनि पैसा कमाइन्छ। पैसा नै सबै कुरा होइन। पैसा भन्दा शान्ति महत्वपूर्ण कुरा हो। यो कुरा उसलाई थाहा छैन।

उत्तर: सुमन विदेश गयो। ऊ बुवाआमाले भनेको मान्छ। ऊ यहाँ बस्न चाहँदैन। विदेशको दुःख उसलाई थाहा छैन। काम नगर्दा कहीँ पनि पैसा कमाईंदैन। पैसा नै सबै कुरा हो। पैसा भन्दा शान्ति महत्वपूर्ण कुरा होइन। यो कुरा उसलाई थाहा छ।

**६. २०७१ सेट डी प्र.नं. ८**

क) तलका अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गरी पुनर्लेखन गर्नु होस् : (४)

यसवर्ष जाडो भएन। कलेज जान गाह्रो भएको छैन। विद्यार्थीहरूले सधैं कलेज जानु पर्दैन। कलेजमा पढे राम्ररी बुझिन्छ। राम्रोसँग नबुझे परीक्षा दिन सकिन्न। उत्कृष्ट अङ्क नल्याए भविष्य सुनिश्चित छैन। नपढ्ने विद्यार्थीले सधैं कक्षा छोड्छ। पढ्ने विद्यार्थीका अभिभावकहरू खुसी हुन्छन्।

उत्तर: यसवर्ष जाडो भयो। कलेज जान गाह्रो भएको छ। विद्यार्थीहरूले सधैँ कलेज जानु पर्दछ। कलेजमा नपढे राम्ररी

Question Bank Nepal

बुझिँदैन । राम्रोसँग बुझे परीक्षा दिन सकिन्छ । उत्कृष्ट अङ्क ल्याए भविष्य सुनिश्चित छ । पढ्ने विद्यार्थीले कहिल्यै पनि कक्षा छोड्दैन । नपढ्ने विद्यार्थीका अभिभावकहरू खुसी हुँदैनन् ।

---

ख) आवयक कुरा थपघट गरेर तलका वाक्यहरूलाई कर्तृवाच्यमा परिवर्तन गर्नु होस्: (४)

यसपालि परीक्षा दिइ सकेपछि घर गइन्छ। त्यहाँ पुगेर आराम गरिन्छ। त्यसपछि मामाघर तिर लागिन्छ। त्यहाँ पुगेपछि मामासित सिनेमा हेरिन्छ। मन परेको ठाउँमा फोटो खिचिन्छ। राम्रो फोटो फेसबुकमा राखिन्छ। फुर्सदका समयमा नेट चलाइन्छ। बुवालाई पनि काममा सघाइन्छ।

उत्तर: म यसपालि परीक्षा दिई सकेपछि घर जान्छु । त्यहाँ पुगेर आराम गर्छु । त्यसपछि मामाघरतिर लाग्छु । त्यहाँ पुगेपछि मामासित सिनेमा हेर्छु । मन परेको ठाउँमा फोटो खिच्छु । राम्रो फोटो फेसबुकमा राख्छु । फुर्सदको समयमा नेट चलाउँछु । बुबालाई पनि काममा सघाउँछु ।

ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् :

लतमायाले भात पकाइ रहेकी थिइन्। हर्ष नारान बुइँगलमा आए। हर्ष नारान बेसरी हाँसे। लतमाया छक्क परिन्।

उत्तर: बेसरी हाँस्दै बुँइगलमा आएका हर्ष नारानलाई देखेर भात पकाइ रहेकी लतमाया छक्क परिन् ।

**७. २०७० पूरक प्र.नं. ८**

क) तलका अनुच्छेदका वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नु होस् : (४)

यसपालि धेरै दिन गाउँमा बसियो। छरछिमेकका घरमा गइयो। दु:खसुखका कुरा गरियो। मिठा मिठा खानेकुरा खाइयो। केही दिन भए पनि प्रदुषणबाट मुक्त भइयो। दिनभरि कुहिरो लागेकाले घाम ताप्न पाइएन। दुई महिनापछि काठमाडौँ आइयो। उही किसिमले काममा लागियो।

उत्तर: यसपालि धेरै दिन गाउँमा बस्यौँ । छरछिमेकका घरमा गयौँ । दु:खसुखका कुरा गर्‍यौँ । मिठा-मिठा खानेकुरा खायौँ । केही दिन भए पनि प्रदुषणबाट मुक्त भयौँ । दिनभरि कुहिरो लागेकाले घाम ताप्न पाएनौँ । दुई महिना पछि काठमाडौँ आयौँ । उही किसिमले काममा लाग्यौँ ।

---

ख) तलका वाक्यहरूलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नु होस् : (४)

कमलले आफू घर गएर फर्किएपछि मलाई भेट्ने कुरा गर्‍यो। मैले मलाई भेट्न ढिलो गरिस् भने तेरो काम हुँदैन भनि दिँए। त्यसपछि उसले चाँडै नै मलाई भेट्ने कुरा गर्‍यो। मैले आज आफू घरमै बस्ने जानकारी गराएँ।

उत्तर: कमलले भन्यो, "म घर गएर फर्किएपछि तिमीलाई भेट्छु ।" मैले भनेँ, "मलाई भेट्न ढिलो गरिस् भने तेरो काम हुँदैन ।" उसले भन्यो, "तिमीलाई चाँडै नै भेट्छु ।" मैले भनेँ, "आज म घरमै बस्छु ।"

---

ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् : (४)

गुमानेका गोरु धनजितेको खेतमा पसे। धनजिते रिसले आगो भयो। धनजितेले गोरुलाई पिट्यो। धर्मानन्द पाध्येले ती दुवैलाई लडाउने मौका पाइ हाले।

उत्तर: खेतमा पसेका गुमानेका गोरुलाई रिसले आगो भएको धनजितले पिटेपछि धर्मानन्द पाध्येले ती दुवैलाई लडाउने मौका पाइ हाले ।

---

**८. २०७० सेट सी प्र.नं. ८**

क) तलका चारवटा जटिल वाक्यलाई आठवटा सरल वाक्यमा परिवर्तन गर्नुहोस् : (४)

पृथ्वीको तापक्रम बढ्दा हिउँ पग्लन्छ। पग्लेको पानी सागर महासागरमा थपिई सामुद्रिक पानीको सतह बढ्छ। यसबाट सामुद्रिक तटका जमिनहरू डुबी ती देशको अस्तित्व नै समाप्त हुन्छ। अर्कातर्फ बाँध, नहर, कुलो आदि भत्केर पानीको ठुलो सङ्कट हुन्छ।

उत्तर:१. पृथ्वीको तापक्रम बढ्छ । २. हिउँ पग्लन्छ । ३. पग्लेको पानी सागर महासागरमा थपिन्छ । ४. सामुद्रिक पानीको सतह बढ्छ । ५. सामुद्रिक पानीबाट सामुद्रिक तटका जमिनहरू डुब्दछन् । ६. सामुद्रिक देशको अस्तित्व नै समाप्त हुन्छ । ७. बाँध, नहर, कुलो आदि भत्कन्छ । ८. पानीको ठूलो सङ्कट हुन्छ ।

Question Bank Nepal

ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नु होस्: (४)

यसपालिको दसैंमा घर गइयो। बुबाआमासँग टीका लगाइयो। मिठा मिठा खाने कुरा खाइयो। गाउँघरका साथीभाइसँग भेटघाट गरियो। स्कुलको सांस्कृतिक कार्यक्रममा सहभागी पनि भइयो। केही दिन गाउँमै बसी रमाइलो गरियो। थोरै दिन भए पनि आफन्त र इष्टमित्रसँग बस्न पाइयो। त्यसपछि टिकट काटेर सहर फर्कियो।

**उत्तर:** यसपालिको दसैँमा घर गयौँ। बुबाआमासँग टीका लगायौँ। मिठा मिठा खाने कुरा खायौँ। गाउँघरका साथीभाइसँग भेटघाट गर्‍यौँ। स्कुलको सांस्कृतिक कार्यक्रममा सहभागी पनि भयौँ। केही दिन गाउँमै बसी रमाइलो गर्‍यौँ। थोरै दिन भए पनि आफन्त र इष्टमित्रसँग बस्न पायौँ। त्यसपछि टिकट काटेर सहर फर्क्यौँ।

ग) तलका अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नु होस्: : (४)

रमाको डाक्टर बन्ने चाहना छैन। ऊ मिहिनेत गरेर पढ्दिन। ऊसँग प्रशस्त पैसा पनि छ। भएको पैसाको सदुपयोग गरेकी छैन। उसका बाबुआमा खुसी छैनन्। उसलाई धेरैजसो गाली गर्छन्। ऊ झनक्क रिसाउँछे। बाबुआमा दुःखी छन्।

**उत्तर:** रमाको डाक्टर बन्ने चाहना छ। ऊ मिहिनेत गरेर पढ्छे। ऊसँग प्रशस्त पैसा पनि छैन। भएको पैसाको सदुपयोग गरेकी छ। उसका बाबुआमा खुसी छन्। उसलाई कोही पनि गाली गर्दैनन्। ऊ झनक्क रिसाउँदिन। बाबुआमा दुःखी छैनन्।

**९. २०७० सेट डी प्र.नं. ८**

क) तलका अनुच्छेदका अकरण वाक्यहरूलाई करणमा परिवर्तन गरी पुनर्लेखन गर्नु होस्: (४)

मेरा साथीहरू काममा गएनन्। काम नगर्नु राम्रो होइन। काम नगर्नेले सुख पाउँदैन। जसले काम गर्दैन उसले दुई छाक राम्ररी खान पाउँदैन। त्यसैले काम नगर्नेहरू दुखी छन्। काम गरे जीवन सार्थक नहुने होइन। यो कुरा मेरा साथीहरूले बुझेका थिएनन्।

**उत्तर:** मेरा साथीहरू काममा गए। काम गर्नु राम्रो हो। काम गर्नेले सुख पाउँछ। जसले काम गर्छ उसले दुई छाक राम्ररी खान पाउँछ। त्यसैले काम गर्नेहरू सुखी छन्। काम गरे जीवन सार्थक हुन्छ। यो कुरा मेरा साथीहरूले बुझेका थिए।

---

ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नु होस्: (४)

यसपालि कलेजबाट वनभोज गइन्छ। साथीभाइहरूसँग रमाइलो गरिन्छ। सकुन्जेल नाचिन्छ। मिठा मिठा खानेकुराहरू पनि खाइन्छन्। कर्णप्रिय गीतहरू पनि दिनभर सुनिन्छन्। फोटाहरू पनि खिचिन्छन्। केही बेर यताउति घुमिन्छ। साँझ अबेर मात्र घरतिर फर्किइन्छ।

**उत्तर:** यसपालि कलेजबाट वनभोज जान्छौँ। साथीभाइहरूसँग रमाइलो गर्छौँ। सकुन्जेल नाच्छौँ। मिठा मिठा खानेकुराहरू पनि खान्छौँ। कर्णप्रिय गीतहरू पनि दिनभर सुन्छौँ। फोटाहरू पनि खिच्छौँ। केही बेर यताउति घुम्छौँ। साँझ अबेर मात्र घरतिर फर्कन्छौँ।

---

ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् : (४)

गाउँको पोखरीमा अस्ताउन लागेको सूर्यविम्ब पर्‍यो। त्यसले गर्दा पोखरीको पानी नै रातो भइ रहेको थियो। त्यो साँच्ची नै अनौठो दृश्य थियो। त्यो देखेर मानिसहरू दङ्ग परे।

**उत्तर:** गाउँको पोखरीमा अस्ताउन लागेको सूर्यविम्बले पानी नै रातो भएको त्यस्तो अनौठो दृश्य देखेर मानिसहरू दङ्ग परे।

---

**१०. २०६९ प्र.नं. ८**

क) तलका चारवटा जटिल वाक्यलाई आठवटा सरल वाक्यमा परिवर्तन गर्नु होस् : (४)

मैले हिमालका सुन्दर झर्ना देखें र त्यहाँका सुन्दर हिमाल पनि देखें। म त्यो सुन्दरता देख्दा रोमाञ्चित पनि भएँ र उत्साही पनि भएँ। जब म पहाडका चुचुरा टेक्न थाल्छु तब म हिमालकै गीत गाउन थाल्छु। पानीले हिमालको परिचय दिन्छ र नेपालको पनि परिचय दिन्छ।

**उत्तर:** मैले हिमालका सुन्दर झर्ना देखेँ। मैले सुन्दर हिमाल पनि देखेँ। म सुन्दरता देख्दा रोमाञ्चित भएँ। सुन्दरता देख्दा

Question Bank Nepal

म उत्साहित भएँ । म पहाडका चुचुरा टेक्न थाल्छु । म हिमालकै गीत गाउन थाल्छु । पानीले हिमालको परिचय दिन्छ । पानीले नेपालको परिचय दिन्छ ।

---

ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्: (४)

यसपालिको जाडोमा पनि वनभोजका लागि नगरकोट गइयो । दुईवटा बस लगियो । त्यहाँ मिठा मिठा खानेकुरा खाइयो । साथीहरूसँग मजाले नाचियो । साथीहरूलाई रमाइला चुट्किला सुनाएर हँसाइयो । हिमाली दृश्यहरूको अवलोकन पनि गरियो । अबेरसम्म बसेर भए पनि सूर्यास्तको रमणीय दृश्य हेरियो । झमक्क साँझ परेपछि काठमाडौँतिर फिरियो ।

उत्तर: यसपालिको जाडोमा पनि हामीहरू वनभोजका लागि नगरकोट गयौँ । दुईवटा बस लग्यौँ । त्यहाँ मिठा मिठा खानेकुरा खायौँ । साथीहरूसँग मजाले नाच्यौँ । साथीहरूलाई रमाइला चुट्किला सुनाएर हँसायौँ । हिमाली दृश्यहरूको अवलोकन पनि गर्‍यौँ । अबेरसम्म बसेर भए पनि सूर्यास्तको रमणीय दृश्य हेर्‍यौँ । झमक्क साँझ परेपछि काठमाडौँतिर फिर्‍यौँ ।

---

ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् : (४)

नानीथकुँले यति भनिन् । नानीथकुँ फेरि माथि उक्लिन् । डाक्टर गोदत्त प्रसाद पनि बडो खिन्न भए । उनी घरतिर फर्किए ।

उत्तर: यति भनेर नानीथकुँ फेरि माथि उक्लेपछि डाक्टर गोदत्तप्रसाद बडो खिन्न भएर घरतिर फर्किए ।

---

**११. २०६८ प्र.नं. ८**

क. तलका वाक्यमा रहेका उद्देश्य र विधेय पहिचान गरी लेख्नु होस् । (४)

अ. दिदीआमाबाट घेरिएकी गौरी शङकरलाई भेट्न चाहन्थी ।

आ. एकै छिनमा आउने भनी गएको केटो दुई घण्टा बिति सक्दा पनि आएन ।

इ. मेहनती विद्यार्थी राम्ररी पढ्छ ।

ई. विद्यार्थी आए ।

उत्तर: (अ) उद्देश्य → गौरी, विधेय → चाहन्थी (आ) उद्देश्य → केटो, विधेय → आएन (इ) उद्देश्य → विद्यार्थी, विधेय → पढ्छ (ई) उद्देश्य → विद्यार्थी, विधेय → आए ।

---

ख. आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुर्नलेखन गर्नु होस्:(४)

नेपालले सन् २०११ लाई पर्यटन वर्ष घोषणा गरेको छ । यसका लागि स्वदेश विदेशमा कार्यक्रमहरू गरिदै छन् । पर्यटकलाई स्वदेश भित्र्याइँदैछ । उनीहरूको चाहना अनुरुप खानेकुरा होटेलहरूले तयार गरेका छन् । यस अघि पनि पर्यटन वर्ष मनाइयो । प्रशस्त सरकारी बजेट खर्च गरियो, पत्रपत्रिकामा प्रचारप्रसार गरियो । हामी पर्यटन वर्षलाई सफल बनाउने छौं ।

उत्तर: नेपालद्वारा सन् २०११ लाई पर्यटन वर्ष घोषणा गरिएको छ । यसको लागि स्वदेश र विदेशमा कार्यक्रमहरू गर्दै छन् । पर्यटकलाई स्वदेश भित्र्याउँदै छौँ । उनीहरूको चाहना अनुरूप खानेकुरा होटेलहरूद्वारा तयार गरिएका छन् । यस अघि पनि पर्यटन वर्ष मनायौँ । प्रशस्त सरकारी बजेट खर्च गर्‍यौँ । पत्रपत्रिकामा प्रचारप्रसार गर्‍यौँ । हामीद्वारा पर्यटन वर्षलाई सफल बनाइने छ ।

---

ग. तलको वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस्: (४)

मेरो विद्यालय गाउँका सिरानमा छ । त्यहाँको वातावरण शान्त छ । त्यहाँ अनुशासनलाई प्राथमिकता दिइएको छ । त्यहाँ नियमित पढाइ हुन्छ ।

उत्तर: गाउँको सिरानमा अवस्थित मेरो विद्यालयमा नियमित पढाइ हुनाका साथै अनुशासनलाई प्राथमिकता दिएको हुनाले वातावरण शान्त छ ।

Question Bank Nepal